रंगेली नगरपालिकाको नगर सभाका सभाध्यक्ष ज्यूको अनुमतिमा नगरपालिकाको उपप्रमुख एवं रंगेली नगरपालिकाको तेस्रो नगरसभा वजेट तर्जुमा समितिका संयोजक केशव कुमारी खरालले प्रस्तुत गर्नु भएको आ.व. ०७६/७७ को नीति, कार्यक्रम तथा वजेट वक्तव्य ।

नगर सभाको सभाध्यक्ष ज्यू,

प्रमुख अतिथि :

नगर सभाका सदस्य ज्यूहरु :

नगरपालिकाका कर्मचारीहरु, पत्रकार मित्रहरु,

नेपाली जनताले लामो समयदेखि संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तीको लागि गरेको ऐतिहासिक आन्दोलनका कारण प्राप्त उपलब्धीको रुपमा गठन भएको स्थानीय सरकारको तर्फवाट यस गरिमामय तेश्रो साधारण सभामा आगामी आ.व. ०७६/७७ को नीति कार्यक्रम तथा वजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु ।

नेपालको राजनैतिक संरचनालाई परिवर्तन गरी राजनैतिक, आर्थिक र सामाजिक हक अधिकार सहितको लोकतान्त्रिक गणतन्त्र स्थापना का लागि संघर्ष गर्दागर्दै आफ्नो जीवन वलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात महान सहिदहरु, वेपत्ता तथा घाईते योद्धाहरु र वँहाहरुको परिवारजन लगायत आम न्याय प्रेमी जन समुदायमा हार्दिक सम्मान प्रकट गर्न चाहान्छु ।

आदरणीय नगर सभाका सदस्य ज्यूहरु :-

स्थानीय तहको स्वरुपलाई संविधानले प्रत्याभुत गरेको स्थानीय तहको व्यापक क्षेत्राधिकार लाई आत्मसात गर्दै नगर क्षेत्र भित्र वसोवास गर्ने हरेक जात जाती, धर्म, वर्ण, लिङ्ग, वर्ग र क्षेत्रको समानुपातिक रुपमा विकास गर्दै लैजानु पर्ने नगरपालिकाको प्रमुख दायित्व रहेको छ । नगरपालिकाको सीमीत साधन र श्रोतले नगरवासिको असिमित चाहनाहरु पुरा गर्ने चुनौतीको विषय रहेको छ । यी चाहाना हरुलाई प्राथमिकताको आधारमा क्रमै संग पुरा गर्दै जानुपर्ने आवश्यकता रहेको छ । ऐतिहासिक, सांस्कृतिक र प्राचीन महत्व रहेको यस नगरपालिकामा विकासका सम्भावनाहरु थुप्रै छन् । ठुलो मात्रमा उर्वर खेती योग्य जमीन र प्रसस्तै खुला सार्वजनिक जमीन रहेको यस नगरमा आधुनिक खेती प्रणाली र कृषिलाई व्यवसायिकरण गर्न सकेमा यंहाका जनताको जीवनस्तर उकास्न सकिने संभावना रहेको छ । यसका लागि हामीले नयाँ सोच, पद्धती र प्रक्रियाको अवलम्वन गर्नु पर्ने आवश्यकता रहेको छ ।

आदरणीय नगर सभासद ज्यूहरु :-

चालु आ.व.मा राखिएका नीति, कार्यक्रम तथा वजेटका उद्देश्य र प्राथमिकताहरु वाट प्राप्त भएका उपलब्धी हरुको विवरण निम्नानुसार प्रस्तुत गर्न चाहान्छु ।

1= यस नगर क्षेत्रका प्राय सवै टोल वस्तीहरुमा सडक (वाटा) हरुको अतिक्रमण गर्ने कार्य ठूलो समस्या मा रहेको छ । चालु आ.व. मा स्तरोन्नती गरिएका सडक (वाटा) हरु फराकिलो गर्न कम चुनौतिको विषय थिएन । बढ्दो सहरीकरणको समस्यालाई मध्यनजर राखि नगरपालिकाको प्रयासमा सडकको चौडाई विस्तार १८ किमि, ग्राभेल २७ कि.मि., वेशकोर्स ३.२ कि.मि., कालोपत्रे ४.४ कि.मि., आर.सि.सि. कल्भर्ट २ थान, पक्कि नाली २.१ कि.मि., सिंचाईको लागि

नहर गेट निर्माण २ थान, टेवा पर्खाल १०० मिटर, छठिमैया घाट ३ थान, कार्यालय भवनको पहिलो तला, नगर प्रहरी भवन १, चमेना गृह १, सत्संग मन्दिर ३, अधुरो मन्दिरहरु २४, कव्रिस्थान गेट सहित घेरावेरा १ र रंगेली वसपार्क व्यवस्थित गर्ने कार्य सम्पन्न भएको छ । सडक विस्तारको क्रममा सडकको वीचमा परेका विजुलीका पोलहरु सार्ने काम अन्तिम चरणमा पुगेको छ ।

2= यस रंगेली नगरपालिकामा ऐतिहासिक रुपमा रहेको धेरै मन्दिरहरुको मर्मत संभार तथा जिणोद्धार गर्ने काम गरिएको छ । धार्मीक महत्वको रुपमा रहेको काली मन्दिरमा वृहत धर्मशाला निमार्ण गर्ने कार्य जारी रहेको छ ।
3= परापुर्वकाल देखि अव्यवस्थित रुपमा रहेको तिरुपति आर्यघाट लाई व्यवस्थित गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
4= नेपाल सरकारको नँया शहर नीतिमा परेका यस नगरपालिकाको २० वर्षे गुरु योजना तयार गर्ने कार्य सम्पन्न भईसकेको छ ।
5= संसारीमाई, तिरुपति पार्क, रंगेली क्यामपस, मलङ्गा थान सीमसार क्षेत्रलाई समेटी स्वीकृत पर्यटकीय स्थलको रुपमा विकास को लागि डि.पि. आर. तयार गर्ने कार्य सम्पन्न भई सकेको छ ।
6= चालु आ.व.को हालसम्मको आय र व्ययको विवरण अनुसूची-१ मा प्रस्तुत गरेको छु ।

आदरणीय सभासद ज्यूहरु,

चालु आ.व.मा राखिएका नीति, कार्यक्रम तथा वजेटका प्राथमिकता अनुसार कार्यान्वयनमा देखिएका समस्या, चुनौती, समीक्षा एवं अनुभवको आधारमा आगामी आ.व.को नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

(१) यस नगरपालिकाको आ.व. ०७६/७७ को नीति कार्यक्रम तथा वजेट निमार्णको क्रममा प्रमुख रुपमा निम्न आधारहरु लिएको छु ।

1= नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची
2= नेपालको संविधान २०७२ मा उल्लेखित मौलिक हकहरु
3= नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, श्रोतको उपयोग, वातावरण संरक्षण सम्वन्धी नितीहरु धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली
4= नेपाल सरकारवाट अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
5= संघीय सरकारले लिएका आर्थिक तथा वित्तीय नीतिहरु
6= स्थानीय सरकार संचालन ऐन, २०७४
7= राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
8= अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
9= स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४
10= विकासमा समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी

विकास, वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन र पुर्व सरसफाई लगायतका सम्वन्धीत विषयहरु ।

(२) आ.व. ०७६/७७ का प्राथमिकताहरु निम्नानुसार रहेका छन् ।

1=सडक पुर्वाधार निर्माण र स्तरोन्नती
2=कृषिको आधुनिकिकरण र व्यवसायीकरण
3=वातावरण संरक्षण
4=रोजगारी श्रृजना
5=प्रतिव्यक्ती आम्दानी वृद्धि
6=पर्यटकी स्थलहरुको प्रवर्द्धन र विकास
7=संस्थागत क्षमतामा वृद्धि
8=सेवा प्रवाहमा प्रभावकारीता
9=प्रविधिको उपयोग
१०.सहकारी क्षेत्रको सुदृढिकरण
११.सुशासनमा जोड

(३) आ.व. ०७६/७७ को नीति तथा कार्यक्रम :-

1= नेपाल सरकारको नयां शहर नीतिमा हाम्रो नगरपालिका समेत परेको हुँदा परामर्शदाता वाट २० वर्षे गुरुयोजना समेत तयार भई सकेको हुँदा गुरुयोजनाले मार्गनिर्देश गरेका क्षेत्रको भौतिक तथा पूर्वाधार विकासमा प्राथमिकता क्रम तोकि गुरुयोजना कार्यान्वयन गर्ने नीति अवलम्वन गरिने छ । यसको लागि संघीय, प्रदेश सरकार संग सहयोगको लागि अनुरोध गरिने छ । आगामी आ.व. ०७६/७७ मा गुरुयोजना कार्यान्वयनको लागि वन वातावरण तथा पर्यटन मन्त्रालय प्रदेश नं. १ वाट संसारीमाई पूर्वाधार विकासमा रु. एक करोड पचास लाख विनियोजन भएको जानकारी गराउन चाहान्छु ।

2= भौतिक पूर्वाधार मन्त्रालय प्रदेश नं.१ वाट वडा नं. ५ स्थीत आंमगाछीमा सामुदायिक भवन निर्माणका लागि रु. तिस लाख र वडा नं. २ मंलवारे स्थीत सर्वेश्वर मन्दिर निर्माणका लागि रु. विस लाख विनियोजन भएको जानकारी गराउन चाहान्छु ।

3= यसै गरी भौतिक पूर्वाधार मन्त्रालय प्रदेश नं. १ वाट वडा नं. ८ दर्वेशा विजुली अफिसको छेउ वाट दर्वेशा रंजनी वामेटोल २ नं. वडा कार्यालय दौलतपुर स्कुल वानीया चोक जनप्रिय मा.वि. हुँदै गद्दिगट्टा फुटानी चोक धनपालथान वडा नं. ५ सम्मको वाटो पिच गर्ने कार्यको लागि रु. त्रिसठ्ठी करोड र वविया चौक भेडिवथान नहर हुँदै लक्ष्मिपुर रंजनी काजीमान चोक शान्ति चोक फर्साडांगी चोकवाट पुरानो दोहमाना हुँदै नयाँ दोहमाना धोकडिया सुनवर्षी सम्मको वाटो पिच गर्ने कार्यको लागि रु. त्रिहत्तर करोडको वहुवर्षीय योजना स्वीकृत भई चालु आ.व.मै वोलपत्र खरिद प्रक्रिया भई सकेको जानकारी गराउन चाहान्छु ।

4= यस रंगेली नगरपालिका भित्रका सार्वजनीक जग्गा तथा स्थानहरुको संरक्षण गर्ने सुकुम्वासी व्यवस्थापनका लागि आवश्यक नीति लिइने छ ।

5= १ नं. प्रदेशको राजधानी समेत रहेको विराटनगर महानगरपालिका वाट नजिक रहेको यस नगरपालिकालाई औद्योगिक नगरीको रुपमा विकास गर्न निजी क्षेत्र समेतको सहभागितामा नगरपालिकाले काम गर्ने नीति लिइनेछ ।

6= संसारी माई, तिरुपति पार्क, रंगेली क्याम्पस, गौशाला मंलङाथान सिमसार लगायतका क्षेत्रलाई समेटी एकिकृत पर्यटकीय स्थलको रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

7= हाल यस नगरपालिका भित्र रहेका सामुदायीक र निजी विद्यालयहरुवाट प्रदान गरिदै आएको शिक्षाको गुणस्तर अभिवृद्धि र समानता कायम राख्न नगर शिक्षा कार्यविधि तर्जुमा गरी प्रभावकारी नियमन गर्ने नीति लिइनेछ ।

8= यस नगरपालिका भित्रका स्वास्थ्य केन्द्र, सरकारी तथा निजी अस्पताल, शहरी स्वास्थ्य केन्द्रको स्तरोन्नतिमा जोड दिदै सवै नगरिकहरुलाई गुणस्तरीय र सर्वशुलभ स्वास्थ्य सेवा प्रवाहका लागि जोड दिने नीति लिइने छ ।

9= यस नगरपालिका भित्र नयाँ निर्माण हुने भवनहरुको नक्सा पास प्रक्रियालाई शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत मापदण्ड २०७२ अनुसार कडाइका साथ कार्यान्वयन गरी वस्ती विकास योजना लागुगर्ने नीति लिइनेछ ।

10= यस नगरपालिकाको संस्थागत क्षमता विकास गरी सेवा मापदण्डका आधारमा सूचना मैत्री प्रविधिको प्रयोग गरी छिटो, छरितो, चुस्त, दुरुस्त एवं परदर्शि रुपमा सेवा प्रवाह गर्ने नीति लिइनेछ ।

11= यस रंगेली नगरपालिकाको आर्थिक उन्नतीको लागि राजश्वमा नयाँ श्रोतहरुको खोजी गरी नगरपालिकाको राजश्व अभिवृद्धि गर्न सम्पत्ती कर लागु गरिनेछ । साथै वित्तिय अनुशासन र आन्तरिक नियन्त्रण कायम राख्न सो संग सम्वन्धीत कानुन र सुशासनको मुलभूत मान्यतालाई कडाइका साथ अवलम्वन गरिने नीति लिइनेछ ।

12= यस रंगेली नगरपालिका क्षेत्रभित्रका सवै लक्षित वर्ग (महिला, बालवालिका, आदीवासी जनजाती, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, युवा, दलित, पिछडा वर्ग, मुस्लिम, अल्पसंख्यक, विपन्न जातजाती) को उत्थानका लागि विषेश कार्यक्रम ल्याइनेछ ।

13= नगरवासीहरुलाई सर्वसुलभ रुपमा स्वास्थ्य सेवा पुर्‍याउनको लागि नगर क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गर्नुपर्ने आवश्यक रहेको छ । एकमात्र अस्पतालको रुपमा रहेको रंगेली अस्पताललाई सुसञ्चालनको लागि पूर्वाधार विकास लगायत जनशक्तिको व्यवस्थापनको जिम्मेवारी समेत नगरपालिकामा थपिएको र नगरपालिका क्षेत्र भित्र विगत समय देखि काम गर्दै आएका महिला स्वास्थ्य स्वयम सेविकाको सुविधामा वृद्धि गर्नु परेकोले आगामी आ.व. को स्वास्थ्य क्षेत्रको खर्चमा वृद्धि भएको छ, जुन व्यय विवरणमा प्रस्तुत गरेको छु ।

यसै गरी नगरपालिका क्षेत्रभित्र रहेका वाल शिक्षाका शिक्षिका हरु लाई नेपाल सरकारले दिदै आएको पारिश्रमिक ज्यादै न्यून भएको र ती संरचनाहरु नगरपालिकामै हस्तान्तरण भई आएको हुँदा वाल शिक्षिकाको पारीश्रमिक र विद्यालयका कर्मचारीहरुको पारीश्रमिकमा समेत वृद्धि गर्नु परेकोले आगामी आ.व.को शिक्षा क्षेत्रको वजेटमा समेत वृद्धि भएको छ, जुन व्यय विवरणमा प्रस्तुत गरेको छु ।

आदरणीय सभासद ज्यूहरु :

अव म आगामी आ.व. ०७६/७७ को लागि अनुमान गरिएको आय र व्ययको विवरण प्रस्तुत गर्न चाहान्छु ।

सभाध्यक्ष महोदय,

सिमित श्रोत साधनका वावजुद नगरवासीको अपेक्षा र आवश्यकतालाई पुरा गर्न यो वजेट तथा कार्यक्रमलाई यथा सम्भव जनमुखी, समावेशी र परिणाममुखी वनाउने प्रयास गरिएको छ । यस आ.व.मा समेट्न नसकिएका कतिपय जल्दावल्दा र अपरिहार्य मांगहरुलाई आगामी योजनाहरुमा समेटीने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

**अन्त्यमा**

ऐतिहासिक र प्राचिन महत्व रहेको यस रंगेली नगरपालिकाको तेश्रो नगरसभामा प्रत्यक्ष र पारोक्ष भुमिका निर्वाह गर्नुहुने श्रध्येय नगर प्रमुख ज्यू, वडाध्यक्ष ज्यूहरु, नगर कार्यपालिकाका सदस्य ज्यूहरु,

नगर सभाका सदस्यज्यूहरु, पत्रकार मित्रहरु अन्य नगरवासी सर्वसाधारणहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरु सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा पनि यंहाहरुको सक्रिय सहभागीता र सहयोगको अपेक्षा गर्दछु ।

**केशव कुमारी खराल**
**नगर उप प्रमुख**
**रंगेली नगरपालिका**
**१ नं. प्रदेश मोरङ्ग**
**मिति २०७६/०३/१० गते मंगलवार**